गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना एवं स्वास्थ्य कार्यालय, नवलपरासी पूर्व र गैंडाकोट नगरपालिकाको समन्वयमा गैंडाकोट नगर अस्पताल, नवलपरासी पूर्वको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखा सम्पन्न भएको छ। गैंडाकोट नगर अस्पताल, नवलपरासी पूर्वको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखामा ५५% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा मध्यबिन्दु जिल्ला अस्पताल, नवलपरासी पूर्वका मेडिकल अधिकृत क्षितिज़ भण्डारी, र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका उर्मिला बरालको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कर्यक्रमम गैंडाकोट नगरपालिका प्रमुख मदन भक्त अधिकारिको प्रमुख उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत, ब्यबस्थापन समितिका उपाध्यक्ष र सदश्यहरु, स्वास्थ्य कार्यालय प्रमुख, अस्पतालका प्रमुख तथा कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो।






स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना एवं स्वास्थ्य कार्यालय, नवलपरासी पूर्व र देवचुली नगरपालिकाको समन्वयमा देवचुली नगर अस्पताल, नवलपरासी पूर्वको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखा सम्पन्न भएको छ। देवचुली नगर अस्पताल, नवलपरासी पूर्वको न्युनतम सेवा मापदण्डको पहिलो लेखाजोखामा ५१% अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा मध्यबिन्दु जिल्ला अस्पताल, नवलपरासी पूर्वका मेडिकल अधिकृत क्षितिज़ भण्डारी, र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका उर्मिला बरालको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कर्यक्रमम देवचुली नगरपालिका प्रमुख हरि प्रसाद न्यौपानेको प्रमुख उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा ब्यबस्थापन समितिका पदाधिकारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, स्वास्थ्य कार्यालय प्रमुख, अस्पतालका प्रमुख तथा कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो।

## Severity and Clinical Outcome of COVID-19 Patients Admitted at a Provincial Infectious and Communicable Disease Hospital of Nepal: A Cross-Sectional Study

https://hd.gandaki.gov.np/list/report/severity-and-clinical-outcome-of-covid-19-patients-admitted-at-a-provincial-infectious-and-communicable-disease-hospital-of-nepal-a-cross-sectional-study?fbclid=IwAR2Mr3Nl61uNp9b1wtROeBRODgt0_ubqn0ImHpd_6tbourvXT05gYmKC3tw

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार




सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा गण्डकी प्रदेश सरकार अन्तर्गतका अस्पतालहरुको सेवा प्रबाह को अवस्था, समस्या एबम समाधानका उपायहरु सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भएको छ। गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री माननीय सुरेन्द्रराज पाण्डेको प्रमुख उपस्थितिमा संचालित उक्त कार्यक्रममा गण्डकी प्रदेशका मुख्य सचिब, नीति तथा योजना आयोगका माननीय सदस्य, सबै अस्पतालका ब्यबस्थापन समितिका अध्यक्षहरु, मेशुहरु, प्रादेशिक कार्यालयका महानिर्देशकहरुको उपस्थिति रहेको थियो।



सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्माको स्वागत मन्तब्यबाट शुरु भएको उक्त कार्यक्रमको अध्यक्षता सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय सुशिला सिंखडाले गर्नुभएको थियो।



सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयका बरिष्ठ जनस्वास्थ्य प्रशासक शम्भु ज्ञवालीले अस्पतालहरुको सेवा प्रबाहको अवस्था, समस्या एबम समाधानका उपायहरुका बारेमा प्रस्तुतीकरण राख्नुभएको थियो। न्युनतम सेवा मापदण्डको अनुगमनको आधारमा रहेर छलफल कार्यक्रम संचालन भएको थियो। प्रदेशका सबै अस्पतालका मेशु र समितिका अध्यक्षहरुले प्रस्तुतीकरण राख्नुभएको थियो। प्रस्तुतिकरणमा विशेषगरी बिशेषज्ञ कर्मचारी ब्यबस्थापन तथा स्थायित्व, भौतिक संरचना, आगामी बर्षको कार्य योजना, ब्यबस्थापन समितिको संरचना, बिमाका बारेमा छलफल भएको थियो। कार्यक्रममा उठेका बिषयबस्तुको सम्बोधन गर्दै मुख्यमन्त्री माननीय सुरेन्द्रराज पाण्डेले स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेको र सरोकारवालाहरुसंग समन्वय भएको बताउनुभएको थियो। कार्यक्रमको संचालन डाक्टर रमेश केशीले गर्नुभएको थियोभने अध्यक्षता सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयका मन्त्री माननीय शुशिला सिंखडाले गर्नुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार


## यसकारण हुन्छ गर्भावस्थामा बान्ता

https://hd.gandaki.gov.np/list/news/yasakaranae-hanachha-garabhavasathama-bnata




## गण्डकी मै पहिलो पटक धौलागिरीमा अकुपंचर सेवा संचालन

धौलागिरी आयुर्वेद औषधालयमा क्षारसुत्र सर्जरी र अकुपंचर सेवा सुरु भएपछि बिरामीको चाप बढ्न थालेको छ । सरकारी स्वास्थ्य संस्थामा गण्डकी प्रदेश मै पहिलोपटक औषधालयले अकुपंचर सेवा सुरु भएको हो। नीजि क्लिनिकहरुमा महंगो शुल्क तिरेर सेवा लिँदै आएका बिरामीले सरकारी स्वास्थ्य संस्थाबाट सस्तोमा सेवा लिन पाएपछि औषधालयमा बिरामीको चाप बढेको छ। औषधालयले गत असोजदेखि छारसुत्र सर्जरी र अकुपंचर सेवा सुरु गरेको हो । औषालयमा अहिले दैनिक ५० भन्दा बढी बिरामीहरु सेवा लिन आउँछन् । ती मध्ये १० जना अकुपंचर र ५ जना क्षारसुत्र गुँदद्वारसँग सम्बन्धित समस्याको उपचारका लागि आउने गरेको छ। औषधालयले बिहान १० बजेदेखि ३ बजेसम्म ओपिडी सेवा सञ्चालन गर्दै आएको छ । नियमित आयुर्वेद चिकित्सका थेरापी, अकुपंचर, तेल मासिल, बाफले सेक्ने, प्रयोगशाला सेवा लिन आउने बिरामीहरु उत्तीकै छन् । 'प्रदेशभर खुलेका निजी अकुपंचर, आयुर्वेद सेवाहरु प्रशस्त छन्, त्यहाँ धेरै शुल्क लिइन्छ, औषधालयका प्रमुख चिकित्सक डाक्टर शरद पन्थी आँफै अकुपंचर बिषेशज्ञ भएकाले पनि प्रदेशमा नै पहिलो पटक सरकारी स्वास्थ्य संस्थामा सेवा सुरु गर्न सम्भव भएको हो। हाडजोर्नीको दुखाई लगायतका समस्याका लागि यो उपचार बिधि उपयुक्त हुन्छ। अकुपंचर सेवा लिन आउने बिरामीले एक पटकमा एक सय ५० रुपैयाँ तिर्नु पर्छ । यो शुल्क नीजि क्लिनिकहरुमा भन्दा धेरै सस्तो हो । अकुपंचरकै लागि काठमाडौंका आयुर्वेद अस्पतालहरुमा जानुपर्ने बिरामीको बाध्यता अन्त्य भएको छ । अकुपंचरसँगै क्षारसुत्र सर्जरी पनि प्रभावकारी बन्दै गएको छ । पाईल्स, फिसर र फिस्टुलाको शल्यकृया मार्फत उपचार थालेपछि दिन कै दशजना बिरामी उपचारका लागि आउने छन। बागलुङमा पहिलोपटक यो सेवा सुरु भएको हो । औषधालय व्यवस्थापन समितिले तोकेको ५ हजार रुपैयाँ शुल्कमा यहाँ शल्यक्रियामार्फत् उपचार हुने गरेको छ । 'नीजि स्वास्थ्य संस्थाहरुमा मनामानी शुल्क छ, एउटै शल्यक्रियाको तीस, चालिस हजार लिन्छन्, अस्पतालले सुरु गरेपछि धेरै बिरामी यहाँ आउनुभएको छ। धौषधालयले प्रबर्धानत्मक, प्रतिकारात्मक, निदानात्मक र उपचारात्मक सेवाहरु प्रदान गर्दै आएको छ । प्रबर्धानत्मक सेवामा ज्येष्ठ नागरिकको लागि स्वास्थ्य प्रवद्र्धन सेवा, स्तनपान गराइरहेका आमालाई मातृशिशु सुरक्षाका लागि दुग्धबर्धक जडीबुडीजन्य औषधि वितरण र योग सेवा, प्रतिकारात्मक सेवामा जीवनशैली परामर्श र योग सेवा, प्रयोगशाला सेवा, ओपिढि पञ्चकर्म, पूर्वकर्म, योग, अकुपञ्चर र फिजियोथेरापी सेवा प्रदान गर्दै आएको छ।



जलजला गाउँपालिका, स्वास्थ्य शाखा, पर्वतको' आयोजनामा मल्लाज स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड फलोअप कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा खोप अभियानहरु, महामारी नियन्त्रण, सर्भिलेन्स, प्रदेश तथा जिल्लास्तरको योजना तयारि, छुट बच्चाहरुको पहिचान र पूर्ण खोप सुनिश्चितता तथा नियमित खोप र सरसफाई प्रबर्धनको प्रदेश स्तरीय समिक्षा एबं सुक्ष्म योजना अध्यावधिकको लागि अभिमुखीकरण कार्यक्रम संचालन भएको छ।



सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्माको प्रमुख आथिथ्यतामा संचालित उक्त कार्यक्रममा प्रदेश आपूर्ति ब्यबस्थापन केन्द्र, गण्डकी प्रदेशका महानिर्देशक डाक्टर राजिब रिमाल, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक मनमोहन मिश्र, गण्डकी प्रदेशका सबै स्वास्थ्य कार्यालयका कार्यालय प्रमुखहरु, जनस्वास्थ्य अधिकृत तथा निरिक्षकहरु, कोल्डचेन निरिक्षक, ल्याब असिष्टेन्टहरु, पोखरा महानगरपालिका, स्वास्थ्य शाखाका कर्मचारी, WHO/IPD, WaterAid का प्रतिनिधिहरु लगायतको उपस्थिति रहेको छ।



निर्देशनालयका जनस्वास्थ्य अधिकृत रबिना ठगुन्नाले कार्यक्रमको उद्धेश्य सम्बन्धि प्रस्तुतीकरण राख्नुभएको उक्त कार्यक्रमको अध्यक्षता स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त निर्देशक हेमन्त शर्मा पौडेलले गर्नुभएको छ। कार्यक्रम ३ दिनसम्म चल्ने छ।



कार्यक्रममा बिशेषगरि खोप अभियानहरु, महामारी नियन्त्रण, सर्भिलेन्स, छुट बच्चाहरुको पहिचान र पूर्ण खोप सुनिश्चितता तथा नियमित खोप र सरसफाई प्रबर्धन सम्बन्धि बिषयमा तथा शुक्ष्म योजनाका बारेमा छलफल हुनेछ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# सााप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार




स्वास्थ्य सेवा विभाग, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाको आयोजना तथा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको समन्वयमा एकद्वार संकट व्यवस्थापन केन्द्र लागू भएका अस्पतालहरूको सेवा प्रभावकारिता विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना भएको छ। स्वास्थ्य निर्देशनालयका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको अध्यक्षता एवं मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्माको प्रमुख आतिथ्य तथा स्वास्थ्य सेवा विभागको कम्युनिटी नर्सिङ प्रशासक शर्मिला दाहाल पौडेल, मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक शम्भु प्रसाद ज्ञवाली, स्वास्थ्य प्रशासक डाक्टर रमेश कुमार के.सी., स्वास्थ्य निर्देशनालयको नर्सिङ प्रशासक अन्जु पौडेलको आतिथ्यतामा संचालित उक्त कार्यक्रममा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट र फोकल पर्सन (कार्यक्रम संयोजक) हरूले आआफ्नो अस्पतालबाट भएको सेवाको प्रभावकारिताका सम्बन्धमा प्रस्तुतीकरण गरी छलफल गर्नुभएको छ।

**स्वास्थ्य बीमा बोर्डले तयार पार्‍यो को-पेमेन्ट प्रणालीको कार्यविधि**

https://hd.gandaki.gov.np/list/news/savasathaya-bma-bradal-tayara-paraya-ka-pamanata-paranaelka-karayavathha

## मानसिक स्वास्थ्य : सबैको अधिकार



बडिगाड गाउँपालिका, बाग्लुङ्ग स्वास्थ्य शाखाको आयोजनामा आधारभूत स्वास्थ्य सेवाकेन्द्र दर्लिङ्गमा स्वास्थ्य शिविर संचालन भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको सहजिकरण तथा गलकोट नगरपालिका आयोजनामा न्युनतम सेवा मापदण्ड (MSS) अभिमुखिकरण तथा मुल्यांकन कार्य गलकोट नगरपालिका-४ को हटिया स्वास्थ्य चौकिमा सम्पन्न भएको छ ।उक्त संस्थाले ७०% अंक प्राप्त गरेको छ।सो कार्यक्रम स्वास्थ्य कार्यालय बागलुङका क्षय कुष्ठ निरिक्षक देव प्रकाश घिमिरे, स्वास्थ्य संयोजक शुशिल पौडेल तथा बिशेष अतिथिको रुपमा नगरप्रमुख भरत शर्मा गैरे समेतको उपस्थितिमा सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


## गण्डकीमै पहिलो पटक धौलागिरीमा अकुपंचर सेवा



धौलागिरी आयुर्वेद औषधालयमा क्षारसुत्र सर्जरी र अकुपंचर सेवा सुरु भएपछि बिरामीको चाप बढ्न थालेको छ । सरकारी स्वास्थ्य संस्थामा गण्डकी प्रदेश मै पहिलोपटक औषधालयले अकुपंचर सेवा सुरु भएको हो। नीजि क्लिनिकहरुमा महंगो शुल्क तिरेर सेवा लिँदै आएका बिरामीले सरकारी स्वास्थ्य संस्थाबाट सस्तोमा सेवा लिन पाएपछि औषधालयमा बिरामीको चाप बढेको छ। औषधालयले गत असोजदेखि छारसुत्र सर्जरी र अकुपंचर सेवा सुरु गरेको हो । औषालयमा अहिले दैनिक ५० भन्दा बढी बिरामीहरु सेवा लिन आउँछन् । ती मध्ये १० जना अकुपंचर र ५ जना क्षारसुत्र गुँदद्वारसँग सम्बन्धित समस्याको उपचारका लागि आउने गरेको छ। औषधालयले बिहान १० बजेदेखि ३ बजेसम्म ओपिडी सेवा सञ्चालन गर्दै आएको छ । नियमित आयुर्वेद चिकित्सका थेरापी, अकुपंचर, तेल मासिल, बाफले सेक्ने, प्रयोगशाला सेवा लिन आउने बिरामीहरु उत्तीकै छन् । 'प्रदेशभर खुलेका निजी अकुपंचर, आयुर्वेद सेवाहरु प्रशस्त छन्, त्यहाँ धेरै शुल्क लिइन्छ, औषधालयका प्रमुख चिकित्सक डाक्टर शरद पन्थी आँफै अकुपंचर बिषेशज्ञ भएकाले पनि प्रदेशमा नै पहिलो पटक सरकारी स्वास्थ्य संस्थामा सेवा सुरु गर्न सम्भब भएको हो। हाडजोर्नीको दुखाई लगायतका समस्याका लागि यो उपचार बिधि उपयुक्त हुन्छ। अकुपंचर सेवा लिन आउने बिरामीले एक पटकमा एक सय ५० रुपैयाँ तिर्नु पर्छ । यो शुल्क नीजि क्लिनिकहरुमा भन्दा धेरै सस्तो हो । अकुपंचरकै लागि काठमाडौंका आयुर्वेद अस्पतालहरुमा जानुपर्ने बिरामीको बाध्यता अन्त्य भएको छ । अकुपंचरसँगै क्षारसुत्र सर्जरी पनि प्रभावकारी बन्दै गएको छ । पाईल्स, फिसर र फिस्टुलाको शल्यकृया मार्फत उपचार थालेपछि दिन कै दशजना बिरामी उपचारका लागि आउने छन्। बागलुङमा पहिलोपटक यो सेवा सुरु भएको हो । औषधालय व्यवस्थापन समितिले तोकेको ५ हजार रुपैयाँ शुल्कमा यहाँ शल्यक्रियामार्फत् उपचार हुने गरेको छ । 'नीजि स्वास्थ्य संस्थाहरुमा मनामानी शुल्क छ, एउटै शल्यक्रियाको तीस, चालिस हजार लिन्छन्, अस्पतालले सुरु गरेपछि धेरै बिरामी यहाँ आउनुभएको छ।

औषधालयले प्रबर्धानत्मक, प्रतिकारात्मक, निदानात्मक र उपचारात्मक सेवाहरु प्रदान गर्दै आएको छ । प्रबर्धानत्मक सेवामा ज्येष्ठ नागरिकको लागि स्वास्थ्य प्रवद्र्धन सेवा, स्तनपान गराइरहेका आमालाई मातृशिशु सुरक्षाका लागि दुग्धबर्धक जडीबुडीजन्य औषधि वितरण र योग सेवा, प्रतिकारात्मक सेवामा जीवनशैली परामर्श र योग सेवा, प्रयोगशाला सेवा, ओपिढि पञ्चकर्म, पूर्वकर्म, योग, अकुपञ्चर र फिजियोथेरापी सेवा प्रदान गर्दै आएको छ।



भोटेओडार स्वास्थ्य चौकी, लमजुङ्गको आयोजनामा बालबालिका स्वास्थ्य प्रतिस्पर्धा कार्यक्रममा संचालन भएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार




अन्नपूर्ण गाउँपालिका-३, दाना स्वास्थ्य चौकीद्वारा सुवा आ.वि. मा अध्यनरत बालशिक्षा देखि कक्षा ५ सम्मका जम्मा २५ जना विद्यार्थीहरुमा सामान्य दन्त परिक्षण तथा कानको परिक्षण कार्यक्रम संचालन गरेको छ।



साबिक छोप्राक-१, भालुमारे, गोरखामा स्वास्थ्य आमा समुहको बैठक संचालन भएको छ।



प्रदेश जनस्वास्थ्य प्रयोगशाला, गण्डकी प्रदेशको आयोजनामा प्रयोगशालाकर्मिहरुको लागि Biosafety र Biosecurity सम्बन्धि तालिम सामुदायिक प्राकृतिक चिकित्सालय नवलपुरको तालिम हलमा सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्ष्यता प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक मनमोहन मिश्रले गर्नुभएको थियो भने सामुदायिक प्राकृतिक चिकित्सालय नवलपुरका निर्देशक डाक्टर बिनोद पौडेल प्रमुख अतिथि रहनुभएको थियो। कार्यक्रममा नवलपुरका निजी तथा सरकारी प्रयोगशालाकर्मिहरुको सहभागिता रहेको थियो।



ऋषिङ्ग गाउँपालिका वडा नः २, तनहुँ स्थित रहेको ग्वास्लुङ गाउँमा रहेका जेष्ट नागरिक, अपाङ्ग नागरिक, अशक्त नागरिक र गर्भवती महिलाहरु, नागरिकहरुको घरघरमा गइ स्वास्थ्य जाच सङ्गै स्वास्थ्य परामर्श दिने कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



आधारभूत स्वास्थ्य सेवाकेन्द्र खर्बाङ्ग, बाग्लुङ्गको आयोजनामा घरदैलो सुत्केरी र नवजात शिशु स्वास्थ्य जाँच सेवा (PNC Home Visit) कार्यक्रम संचालन भएको छ।



भान नगरपालिका, तनहुमा EHIRRS स्वास्थ्य सुचनाको बिधुतिय माध्यमबाट तथ्याङक अध्याबदी कार्यक्रमको अभिमुखिकरण कार्यक्रम संचालन भएको छ।



पारिवारिक स्वास्थ्य प्रोफाइल सँगसँगै ३० बर्ष माथि उमेर समुहका सम्पूर्णमा Sugar Test र Blood pressure जाँच गर्ने कार्यक्रम गण्डकी प्रदेशका सबैजसो पालिकामा संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?**

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




श्रीकृष्णगण्डकी स्वास्थ्य चौकी, स्याङ्गजाको आयोजनामा स्वास्थ्यकर्मीहरुका लागि eHMIS सम्बन्धि तालिम संचालन भएको छ।




अन्नपुर्ण गाउँपालिका, म्याग्दीको आयोजनामा राम्चे स्वास्थ चौकीमा क्षयरोग कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम संचालन भएको छ।

## यूरिक एसिड नियन्त्रण गर्ने शीर्ष ७ खानेकुरा

[https://hd.gandaki.gov.np/list/news/yaraka-esada-nayanataranae-garana-sharashha-khanakara](https://hd.gandaki.gov.np/list/news/yaraka-esada-nayanataranae-garana-sharashha-khanakara)



अन्नपुर्ण गाउँपालिका, म्याग्दीको आयोजनामा १००० दिनका आमासंग स्वास्थ्यकर्मि कार्यक्रम दाना स्वास्थ्य चौकीमा संचालन भएको छ।

## महिला स्वास्थ्य स्वयंम सेविका (FCHV) सम्बन्धि जानकारी मूलक भिडियो

[https://www.youtube.com/watch?v=SfrrijMdiBg](https://www.youtube.com/watch?v=SfrrijMdiBg)



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार



स्वास्थ्य कार्यालय, बागलुङको आयोजना, बागलुङ नगरपालिकाको समन्वय र मेडिक मोबाइल संगको सहकार्यमा बागलुङमा पूर्ण सस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अभियान कार्यान्वयनको लागि गर्भवति दर्ता तथा अनुगमन कार्यक्रमको प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको छ। २ ब्याचमा संचालन भएको कार्यक्रममा ४५ जना स्वास्थ्य कर्मिहरुको सहभागिता रहेको थियो। यस संगै बागलुङ जिल्लाका सम्पूर्ण स्थानीय तहहरुमा गर्भवति दर्ता तथा अनुगमन कार्यक्रमको स्वास्थ्यकर्मि स्तरीय प्रशिक्षण सम्पन्न भएको छ ।



बोबाङ्ग स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य शाखा अन्नपुर्ण गाउँपालिका, म्याग्दीको आयोजनामा नारच्याङ्ग स्वास्थ्य चौकीमा मुख तथा दाँत स्वास्थ्य सम्वन्धि स्वास्थ्य शिक्षा एवं दन्त तथा मुख परिक्षण कार्यक्रम संचालन भएको छ।



बडिगाड गाउँपालिका, बाग्लुङ्गको आयोजनामा गंगरे खोप केन्द्रमा जनस्वास्थ्य निरिक्षक शेर बहादुर बुडा मगरले सुनौलो हजार दिने आमाहरूलाई पहिलोपटक छुटेको बीउ र करेसा बारिका सम्पूर्ण सामान बितरण र ६ महिना भन्दा कम उमेरका बालबालिकाको आमाहरु लाई पोषिलो झोला बितरण कार्यक्रम संचालन भएको छ।

## एचआईभी र एड्सः सामान्य जानकारी

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार




अमलाचौर स्वास्थ्य चौकी, बाग्लुङ्गमा यस आवको छैठौं सुत्केरी।

## जाडोमा आगो 🔥ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय—समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलर लामो समयसम्म बाथरुममा बस्ने नगरौं।

आठ रोगको उपचारमा १ लाखदेखि ४ लाखसम्म सहुलियत, कहाँबाट कसरी पाइन्छ ?



// सााप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल



मिति २०८०/०९/२२ गते बिहान देखि बेलुका सम्ममा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा ३ वटा सुत्केरी भएको छ ।



१. बिहान ९.२४ बजे २५०० ग्राम तौल भएको शिशु (छोरा)
२. बेलुका ७.३० बजे ३००० ग्राम तौल भएको शिशु (छोरा)
३. राती १.१८ बजे ३२०० ग्राम तौल भएको शिशु (छोरा)





बरेङ गा.पा.-०४ सल्यान (साविक वडा न.९) ढावको जोति स्वास्थ्य आमा समुहको मासिक बैठक संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



फलेवास नगरपालिका वार्ड नं ९ भंगरा स्थित भंगरा स्वास्थ्य चौकीले दिने मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा (Maternal & Newborn Health Service) संचालन भएको छ।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा गर्भपतन सम्बन्धि कार्यक्रम संचालन भएको छ। गर्भपतन सम्बन्धि बुझाइ र धारणा हरुमा ब्यबहारिक र सकारात्मक परिबर्तन ल्याउन, गर्भपतन सम्बन्धि लाज, दोष, भेदभाव, हेला, अपमान आदि नकारात्मक भावनाहरु हटाउन, सुरक्षित गर्भपतन सम्बन्धि सेवाको उपभोग सहि तरिकाले गर्नको लागि बहस गर्न र गुणस्तरीय सेवाको सुनिश्चितताको लागि यस सम्बन्धि "Value Clarification & Attitude Transformation on Safe Abortion" अभिमुखिकरण सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य निर्देशनालयका अस्पताल नर्शिङ्ग प्रशासक अञ्जु पौडेल र जनस्वास्थ्य अधिकृत रविना ठगुन्नाले प्रशिक्षण दिनुभएको थियो।



स्वास्थ्य कार्यालय, लमजुङ मार्फत प्राप्त ग्रामीण अल्ट्रासाउन्ड मेसिन राईनास नगरपालिका नगर प्रमुख खड्ग बहादुर गुरुङबाट धमिलिकुवा स्वास्थ्य चौकीमा हस्तान्तरण भएको छ।



विहादी गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरुको भेटघाट तथा वनभोज कार्यक्रम संचालन भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार



धुल्लुबास्कोट स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा स्वास्थ्य आमा समुहमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



तारङ्गा सामुदायिक स्वास्थ्य इकाई, बाग्लुंगको आयोजनामा स्वास्थ्य आमा समुहको बैठक संचालन भएको छ।

## जाडोमा निमोनियाः बेवास्ता गरे ज्यानमारा हुनसक्छ।

https://hd.gandaki.gov.np/list/news/jadama-namanaya-bvasata-gara-jayanamara-hanasakachha
https://hd.gandaki.gov.np/list/news/aatha-ragaka-upacarama-lkhathakha-lkhasamama-sahalyata-kahabta-kasara-painachha



स्वास्थ्य कार्यालय, बागलुङको आयोजना, काठेखोला गाउपालिकाको समन्वय र मेडिक मोबाइलसंगको सहकार्यमा काठेखोलामा पूर्ण सस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अभियान कार्यान्वयनको लागि गर्भवति दर्ता तथा अनुगमन कार्यक्रमको प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको छ। कार्यक्रममा १९ जना स्वास्थ्यकर्मिहरुको सहभागिता रहेको थियो।



फापरथुम स्वास्थ्य चौकी, स्याङ्जाको आयोजनामा नसर्नेरोग सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार



कालीगण्डकी गाउँपालिका, स्याङ्गजाको आयोजनामा पोषण मैत्री पालिका घोषणा गर्ने अभियान अन्तर्गतको गर्भवती, सुत्केरी आमा र मध्यम खालको कुपोषित बालबालिकालाईअण्डा र सर्वोत्तम पिठो वितरण कार्यक्रम वडा न २ आलमदेवि स्वास्थ्य चौकीमा संचालन भएको छ।



बागलुङ नगर अस्पताल पैयुँपाटा, बाग्लुङ्गको चौथो संस्थागत सुत्केरी गराईएको छ।



अमलाचौर स्वास्थ्य चौकी, बागलुङको आयोजनामा सामुदायिक महिला स्वास्थ्य स्वय सेबिकाहरुको नियमित मासिक समिक्षा बैठक उहाहरुको नै स्वमुल्याङ्कन फारम भर्ने कार्यको शुरुवात गरि सम्पन्न भएको छ।

## जाडोमा नानीबाबुहरुको यसरी गर्नुहोस हेरचाह।

https://hd.gandaki.gov.np/list/news/jadama-nanabbharaka-yasara-garanahasa-haracaha

## रक्तदानलाई लिएर विश्वभर रहेका १२ भ्रम र सत्य

https://hd.gandaki.gov.np/list/news/rakatathanalii-lera-vashavabhara-rahaka-bharama-ra-sataya




## मानसिक स्वास्थ्य : सबैको अधिकार

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



बागलुङ नगर अस्पतालको आयोजना तथा नेलम्वो नेपालको प्राबिधिक सहयोगमा निःशुल्क दन्त शिविर तथा सचेतनामुलक कार्यक्रम बागलुङ नगर अस्पताल पैयुँपाटामा सम्पन्न भएको छ। २९८ जना बिरामीलाई सेवा प्रदान गरिएको उक्त शिविरमा दन्त चिकित्सक डाक्टर सिजन मरासिनीको नेतृत्वमा ८ जनाको दन्त प्राबिधिकहरुले सेवा प्रदान गर्नु भएको थियो। कार्यक्रमको उद्घघाटन बागलुङ नगरपालिकाका नगर प्रमुख बसन्त कुमार श्रेष्ठले गर्नुभएको उक्त कार्यक्रमको समापन १३ नं वडाका वडाध्यक्ष नारायण शर्मा पौडेलले गर्नुभएको थियो। बागलुङ नगर अस्पतालका जनस्वास्थ्य निरिक्षक दुर्गा प्रसाद शर्माले संचालन गर्नुभएको उक्त कार्यक्रमा अस्पताल संचालन तथा व्यवस्थापन समितिका सदस्य डाक्टर राम बहादुर केसीले स्वागत मन्तव्य राख्नु भएको थियो।

**गण्डकी प्रदेश, स्वास्थ्य सेवाको जनस्वास्थ्य प्रसाशक (नबौ) तहमा बढुवा सिफारिस भई स्वास्थ्य कार्यालय, कास्कीमा राम बहादुर नेपाली, बागलुङमा बाबुराम आचार्य, स्याङ्जामा केशव चापागाईं, तनहुँमा अमर दवाडी र गोरखामा याम प्रसाद शर्मा पदस्थापन हुनुभएको छ। उहाँहरुलाई हार्दिक बधाई साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।**



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशमा पदस्थापना भई आउनु भएका उपसचिव (नवौ तह प्रसाशन) शंकर थापालाई स्वागत कार्यक्रम संचालन भएको छ।



CIST College, Kathmandu, BPH 7th Batch का विद्यार्थीहरुसंग स्वास्थ्यका योजनासँग सम्बन्धित जानकारी गराउँदै वरिष्ठ तथ्याङ्क अधिकृत दिवाकर शर्मा।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार




बाग्लुंग नगर अस्पतालको आयोजनामा महिला स्वास्थ्य स्वयंसेविकाहरूको पौष महिनाको मासिक प्रगति समिक्षा बैठक साथै धौलागिरी प्राविधिक शिक्षालय बागलुङका विद्यार्थीहरुद्वारा सामुदायिक स्तरको स्वास्थ्य निरुपण कार्यक्रम सम्पन्न भएको छ।



पुर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अन्तरगत स्वास्स्थ्यकर्मीहरूको लागि अभिमुखीकरण कार्यक्रम शिशुवा अस्पतालमा संचालन भएको छ। कार्यक्रमको सहजिकरण संझना ढुंगाना र सबिना श्रेष्ठले गर्नुभएको थियोभने स्वास्थ्य कार्यालय, कास्कीका प्रमुख राम बहादुर नेपालीबाट कार्यक्रमको समापन भएको थियो।



मालिका गाउँपालिका, म्याग्दीको आयोजनामा मालिका गाउँपालिका १ अन्तर्गत रहेको निस्कोट स्वास्थ्य चौकीमा IMNCI कार्यक्रमको अनसाईट कोचिङ्ग कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा मालिका गाउँपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरिक्षक तेजिन्द्र राना र विम स्वास्थ्य चौकीका सि.अ.हे.ब. गिता जुग्जालीले सहजिकरण गर्नुभएको थियो।




जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्कीको आयोजनामा सडक सुरक्षा सचेतना अभिवृद्धि गरी सडक दुर्घटनालाई न्युनिकरण गर्ने उदेश्यले जिल्लाका बिभिन्न स्थानहरुमा चालक, ब्यबसायी एवं सवार यात्रुहरुलाई लक्षित सडक सुरक्षा कार्यक्रम संचालन गरी सडक सुरक्षा सम्बन्धमा सचेतना कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




सामुदायिक प्रहरी सेवा केन्द्र, अम्बोट, पर्वतको आयोजनामा मोदी गाउँपालिका-५ अम्बोटमा समाजसेवी, विद्यार्थीहरु र स्थानिय मानिसहरुको उपस्थितिमा सडक सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन भएको छ।



नौटुवा खोप क्लिनिकमा नियमित खोप कार्यक्रम संगै सरसफाइ प्रबर्द्धन कार्यक्रम, आफ्नो बच्चा लाई नियमित वृद्धि अनुगमन गराउनुहुने आमा र बच्चालाई प्रोत्साहन स्वरुप एक क्यारेट अण्डा प्रदानको साथै नेपानेमा स्वास्थ्य आमा समुहको बैठक सम्पन्न भएको छ।






पर्बत अस्पतालमा यस आ.ब.को ५१ औ अप्रेसन (Emergency LSCS) सफलता पुर्बक सम्पन्न भएको छ।



अन्नपुर्ण गाउँपालिका, म्याग्दीको आयोजनामा नारच्यांग र धार स्वास्थ चौकीमा क्षयरोग कार्यक्रमको स्थलगत अनुशिक्षण कार्यक्रम संचालन भएको छ।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

**के तपाईं लैंगिक हिंसाबाट पीडित हुनुहुन्छ वा पीडित भएको महसुस गर्नु भएको छ ? यदि त्यसो हो भने तपाईं गण्डकी प्रदेश अन्तर्गतका अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रमा सम्पर्क गर्नुहोला, हामी तपाईलाई निःशुल्क सेवा प्रदान गर्दछौं।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार



सिंगाना स्वास्थ्य चौकी, बाग्लुङ्गमा महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको पौष महिनाको मासिक बैठकका साथै धौलागिरी प्राबिधिक शिक्षा प्रतिष्ठान, बागलुङ का HA तेश्रो बर्षका बिधार्थीहरुको सूक्ष्म स्वास्थ्य परियोजना अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्राथामिक उपचार समबन्धी अभिमुखीकरण संचालन भएको छ।



भुलभुले स्वास्थ्य चौकी, लमजुङ्गको आयोजनामा सामुदायिक स्वास्थ्य शिक्षा कार्यक्रम स्याँङदी-७ उस्तामा संचालन भएको छ। उक्त कार्यक्रममा मानसिक स्वास्थ्य तथा मनोसामाजिक स्वास्थ्य सम्बन्धि अभिमुखिकरण संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

## मानसिक स्वास्थ्य : सबैको अधिकार

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

### योग किन गर्ने :

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल





**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र लमजुङको आयोजनामा सुन्दरबजार नगरपालीका ०३ चन्द्रेशोवरमा सरोकारवालाहरुका लागि स्थानिय जडीबुटीकोपहिचान संरक्षण र प्रयोगका लागि अभिमुखिकरण कार्यक्रम संचालन भएको छ ।

## मानसिक स्वास्थ्य : सबैको अधिकार

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



प्रहरी चौकी, लेखफाँट, पर्वतको आयोजनामा जलजला गाउँपालिका-६ सालिजामा वडा अध्यक्ष बल बहादुर पुर्जा पुनको अध्यक्षतामा स्थानीय वडा प्रतिनिधी, आमा समुह, स्थानिय युवा, शिक्षक र समाजसेवीहरुको उपस्थितिमा लागुऔषध न्यूनिकरण सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ।



मालिका गाउँपालिका, म्याग्दीको आयोजनामा मालिका गाउँपालिका ३ अन्तर्गत रहेको डाडागाउँ सामुदायीक स्वास्थ्य ईकाईमा IMNCI कार्यक्रमको अनसाईट कोचिङ्ग कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा मालिका गाउँपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत राजेश थापा मगर र रुम स्वास्थ्य चौकीका सि.अ.हे.ब. वीर बहादुर पुनले सहजिकरण गर्नु भएको थियो।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




ढोरपाटन नगरपालिका, बाग्लुङ्गको आयोजनामा जनताको स्वास्थ्यसंग नगर उपप्रमुख कार्यक्रम अन्तर्गत बोबाङमा २ दिने निशुल्क बृहत स्वास्थ्य शिविर संचालन भएको छ। कार्यक्रममा जम्मा ११८७ जनाले विभिन्न स्वास्थ्य सेवाहरु लिएका थिए र निशुल्क औषधि सेवा पाएका छन्। कार्यक्रममा बालरोग विशेषज्ञ डाक्टर नविन्द्र ढकाल, हाडजोर्नी नसारोग विशेषज्ञ डाक्टर अनिल रेग्मि, डाक्टर रचना सुवेदि लगायतबाट सेवा प्रदान गरिएको थियो।



प्रहरी चौकी वहाँकीठाटी पर्वतको आयोजनामा बिहादी गाउँपालिका-४, आँपलयमा वडा सदस्य लेखनाथ भुसालको अध्यक्षतामा स्थानिय वडा प्रतिनिधी, आमा समुह, स्थानिय युवा क्लव, शिक्षक, समाजसेवीहरुको उपस्थितिमा लैङगिक हिंसा सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम संचालन भएको छ।



तारन्जा सामुदायिक स्वास्थ्य ईकाई, बाग्लुङ्गको आयोजनामा पोषण मैत्री गाउँपालिका कार्यक्रम अन्तर्गत ६ महिना सम्मको बच्चाको आमा र बालबिकास केन्द्रहरुलाई पोषिलो झोला तथा नयाँ गर्भवती महिलाहरुलाई करेसाबारीको सामग्री बितरण कार्यक्रम संचालन गरिएको छ।




श्री भुमे जनकल्याण समाज सिमजुङ काठमाडौले भच्चेक आधारभूत अस्पताल, गोरखालाई पाँच वटा न्यानो ब्लाङ्केट (blankets) सहयोग गर्नुभएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा ढोरपाटन नगरपालिकाको समन्वय र स्वास्थ्य निर्देशनालय पोखराको सहजीकरणमा ढोरपाटन नगरपालिका अन्तर्गत रहेका जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीको लागि पारिवारिक स्वास्थ्य प्रोफाइल सम्बन्धि अभिमुखिकरण सप्पन्न भएको छ। कार्यक्रममा ३३ जना स्वास्थ्यकर्मीको सहभागीता रहेको थियो। यो संगै बागलुङ जिल्ला अन्तर्गत सबै स्थानीय तहमा पारिवारिक स्वास्थ्य प्रोफाइल सम्बन्धि अभिमुखिकरण सम्पन्न भएको छ।



पैयुँ आधारभूत अस्पताल, पर्वतको आयोजनामा स्वास्थ्यकर्मीहरुको रमाईलो बनभोज कार्यक्रम संचालन भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



आधारभूत स्वास्थ्य सेवा केन्द्र, खर्बाङ, बाग्लुङ्गमा ३५०० ग्राम तौल भएको शिशु (छोरा) को जन्म भएको छ।




स्वास्थ्य कार्यालय, तनहुँको आयोजनामा MNH सम्बन्धि onsite coaching mentoring कार्यक्रम संचालन भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार



दगातुन्डाडा स्वास्थ्य चौकिमा कार्यरत स्वास्थ्य चौकि प्रमुख चन्द्रा थापाले आफ्नो छोरा नमहाङ राना मगरको दोस्रो जन्मदिनको अवसरमा संस्थालाई उपहार स्वरुप सुझाव पेटिका स्वास्थ्य संस्था संचालन तथा ब्याबस्थापन समितिका अध्यक्ष तथा वार्ड अध्यक्ष बोम बहादुर थापालाई हस्तान्तरण गर्नुभएको छ।




**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

## फरक सोचः स्वास्थ्य प्रबर्धनका लागि !!!
## काठमाडौमा "फोहोर खोज्ने प्रतियोगिता" संचालन भएको छ।



**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा निसिखोला गाउँपालिकाको समन्वय र स्वास्थ्य निर्देशनालय पोखराको सहजीकरणमा निसिखोला गाउँपालिका अन्तर्गत रहेका जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीको लागि पारिवारिक स्वास्थ्य प्रोफाइल सम्बन्धि अभिमुखिकरण सप्पन्न भएको छ। कार्यक्रममा २७ जना स्वास्थ्यकर्मीको सहभागीता रहेको थियो।

# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




विहादी गाउँपालिका, पर्वतको आयोजना र JCYCN-KANALLAN को प्राविधिक सहयोगमा बाल अधिकार र बाल पोषण सम्वन्धी पालिका स्तरीय सरोकारवालाहरुसँग आवधिक योजना तथा कार्य योजना विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा निसीखोला गाउँपालिकाको समन्वयमा RRT, महामारी र SORMAS समबन्धिअभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। निसीखोला गाउँपालिकाको द्रुत प्रतिकार्य समिति, द्रुत प्रतिकार्य टोली, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, विषयगत शाखा (स्वास्थ्य, कृषि, पशु, खानेपानी तथा सरसफाइ, विपद व्यवस्थापन) लगायत २५ जनाको सहभागिता रहेको कार्यक्रमको उद्घाटन सत्र निसीखोला गाउँपालिकाका अध्यक्ष सुर्य बहादुर घर्तिको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत दिलिप कुमार चन्द, लगायतको आथित्यतामा सम्पन्न भएको थियो। कार्यक्रमको सन्चालन स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत टोप बहादुर चन्दले गर्नुभएको थियो भने स्वास्थ्य कार्यालय बागलुङकि ज.स्वा. नि. लक्ष्मी शर्माद्वारा कार्यक्रमको सहजिकरण भएको थियो।



अमलाचौर स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा पारिबारिक स्वास्थ प्रोफाईल सङ्कलन कार्य बाग्लुङ्ग नगरपालिका-१२, पात्लेखेत, देउराली गैरामा संचालन भएको छ।



धौलगिरी आयुर्बेद औषधलय, बागलुङको आयोजना तथा जैमिनी नगर पालिका आयुर्बेद शाखाको समन्वयमा स्वास्थ्य प्रबर्धनको लागि जीवन शैली परिवर्तन र योग कार्यक्रम जैमिनी नगरपालिका-१० राङखानी, हुलाक भवन देउराली, बागलुङमा संचालन भएको छ। कार्यक्रम अद्यक्षता डाक्टर शरद पन्थीले गर्नुभएको थियो भने प्रमुख अतिथि वडा नं १० का वडा अध्यक्ष प्रसाद थापाले गर्नुभएको थियो। कार्यक्रममा सहभागीलाई जीवन शैली सम्बन्धी स्वस्थ्यकर आहार बिहार खान पान, योग ब्यायाम र योगको महत्त्व, भान्साका जडिबुटी सम्बन्धी जानकारी दिईएको थियो।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल


# साप्ताहिक समाचारपत्रिका

अंक १७५, वर्ष ५, २०८० पौष २९, January १४, 2024 आइतबार



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा स्याङ्जा अस्पताल, स्याङ्जामा आपतकालीन प्रकोप व्यवस्थापनको लागि आवश्यक पूर्व तयारी सम्बन्धी अभिमुखीकरण (Hub & satellite hospital network orientation and sensitization) कार्यक्रम सम्पन्न भएको छ। मन्त्रालयका चिकित्सा सेवा महाशाखा प्रमुख डाक्टर रमेश कुमार के.सी.को अध्यक्षता तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक मनमोहन मिश्रको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा धौलागिरी अस्पताल बागलुङका कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट डाक्टर अमित ढुंगाना, क्षयरोग उपचार केन्द्रका निमित्त निर्देशक डाक्टर रमेश प्रसाद आचार्य र स्याङ्जा अस्पतालका नि.मे.सु. डाक्टर रुक्मिना अधिकारी लगायत विश्व स्वास्थ्य संगठन (WHO/PHEOC) नेपालका डाक्टर सुजन अधिकारी, मन्त्रालयका अधिकृतहरू ऋषिराम पौडेल, साजन बराल, बुद्धिसागर अधिकारी तथा स्याङ्जा अस्पतालका शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र (PHEOC) का संयोजक डाक्टर मधुरजी ढकाल, सह-संयोजक बुद्धिसागर अधिकारी, तथ्यांक अधिकृत ऋषिराम पौडेल, धौलागिरी अस्पताल बागलुङका कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट डाक्टर अमित ढुंगाना र स्याङ्जा अस्पतालका मेडिकल अधिकृत डाक्टर सुशील ढकालले प्रस्तुतीकरण गर्नुभएको थियो। उक्त अवसरमा स्याङ्जा अस्पतालबाट तयार पारिएको Disaster Preparedness Protocol अस्पतालका मे.सु. डाक्टर रुक्मिना अधिकारीले मन्त्रालयका चिकित्सा सेवा महाशाखा प्रमुख डाक्टर रमेशकुमार के.सी. लाई हस्तान्तरण समेत गर्नुभएको छ।

## मानसिक स्वास्थ्य : सबैको अधिकार




## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

## " सबै क्षेत्र जुटौं, प्रतिजैविक प्रतिरोध रोकथाम गरौं"


**प्रधान सम्पादक**
**नवराज शर्मा**
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com


